# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
# नेपाल नागरिक उड्डयन प्राधिकरण
# बारा जिल्लाको गढिमाई नगरपालिका (साबिकको डुमरवाना गा.वि.स.) मा
# दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल
# निर्माणको लागी जारी गरिएको श्वेत पत्र

**पृष्ठभूमी**

हवाई सेवालाई सुरक्षित, भरपर्दो, स्तरीय, सुलभ, सर्वसाधारणको पहुचयोग्य, दिगो एवं प्रभावकारी तुल्याउदै उदार आकाश नीतिको अवधारणामा निजी क्षेत्रको समेत सहभागिता अभिवृद्धि गरी हवाई यातायात प्रणालीको विकास गर्ने हवाई नीति २०६३ को लक्ष्य रहेको र उक्त निति बमोजिम नेपालको हवाई यातायात प्रणाली मध्ये हवाई यातायातसँग सम्बन्धित संरचनाहरुको निर्माण तथा बिस्तार गर्न अति आबश्यक देखिन्छ साथै अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक सुबिधा सम्पन्न विमानस्थलको निर्माण नभएसम्म हवाई नितिले अबलम्वन गरेको लक्ष्य पुरा गर्न सकिदैन ।

नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रबर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण तथा लक्ष्य रहेकोले हवाई यातायात प्रणालीको विकास बिना उक्त लक्ष्य हासिल गर्न सकिदैन तसर्थ सुदृढ हवाइ यातायात प्रणालीको विकास गर्न कमसेकम एक सुबिधा सम्पन्न अन्तर्राष्ट्रिय ट्रान्जिट हब एअरपोर्टको निर्माण गर्नुनै आजको टड्कारो आवश्यकता रहेको छ ।

दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु पर्ने कारणहरु :

- ✓ त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको क्षमता अधिकतम बिन्दुमा पुगेकोले बैकल्पिक रुपमा अत्याधुनिक सुविधा सम्पन्न विमानस्थलको रुपमा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न आवश्यक भएको ।
- ✓ नेपालको पर्यटन क्षेत्रको विकास तथा बिस्तार गर्न साथै ब्यापारको विविधिकरण गर्न ।
- ✓ नेपालबाट लामो दुरि सम्म चल्ने ठुला जहाजहरुबाट संसारको जुनसुकै कुना सम्म सिधा सम्पर्क हुने गरी हवाई सेवा विस्तार गर्न ।
- ✓ देशको समग्र आर्थिक बृद्धि संगै बढ्न जाने आयात तथा निर्यातका लागि आवश्यक पर्ने कार्गो परिवहनका लागि आबश्यक पर्ने कार्गो विमानहरु संचालन तथा पार्किङ्गका लागि आवश्यक पर्ने रनवे, पार्किङ्ग एप्रोन, यार्ड, कार्गो टर्मिनल तथा ह्याङ्गर जस्ता सुबिधा प्रदान गर्न र भूपरिवेष्ठित राष्ट्रले तेश्रो मुलुकसँग गर्ने ब्यापारको विस्तार गर्न ।
- ✓ देशको समग्र क्षेत्रहरु तथा भारतको उत्तर प्रदेश तथा बिहार क्षेत्रका लागि समेत केन्द्रमा अवस्थित भएकाले आन्तरिक रुपमा क्षेत्रीय सन्तुलन कायम गर्न र बाह्‌य रुपमा ब्यापारिक लाभ लिन ।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्र बारा जिल्लाको गढीमाई नगरपालिकामा छनौट हुनका कारणहरु :

१) प्रस्तावित विमानस्थल क्षेत्र ८० वर्ग कि.मी. मा फैलिएको फराकिलो क्षेत्र भएकोले अत्याधुनिक सेवा सहितको आधुनिक विमानस्थल सम्बन्धी विविध संरचनाहरु निर्माण गर्न सकिने ।

२) प्रस्तावित क्षेत्र पूर्व, पश्चिम, उत्तर तथा दक्षिण सबै क्षेत्रको करिब केन्द्र भागमा रहेकोले नेपालको सबै क्षेत्रलाई समट्ने भई क्षेत्रीय सन्तुलन कायम हुने ।

३) पूर्व-पश्चिम रेल मार्ग तथा काठमाण्डौं तराई द्रुत मार्ग समेत बन्ने योजना रहेकोले अधिकतम जन घनत्व भएको क्षेत्रलाई यसले समेट्ने र सेवा प्रदान गर्ने ।

४) उडान तथा अवतरणका लागि फराकिलो क्षेत्र हुनुपर्ने भएकोले प्रस्तावित भारतीय सिमानाबाट करिव २३ कि.मी उत्तर तर्फ रहेकोले फराकिलो Air Space समेत उपलब्ध हुने ।

५) पूर्व पश्चिम हुने गरी Air Route समेत प्रस्तावित भएकोले उक्त विमानस्थल Air Route का दृष्टिकोणले समेत उपयुक्त रहेको ।

६) यस विमानस्थलको प्रयोग नेपालीले मात्र गर्ने नभई भारतको विहार तथा उत्तर प्रदेशका यात्रुहरुले समेत गर्न सक्ने भएकोले विमानस्थलको क्षेत्र व्यापक रहेको ।

७) विशेष आर्थिक क्षेत्र तथा औद्योगिक रुपमा विकासित क्षेत्र समेत विमानस्थलको नजिकमा रहेकोले उक्त क्षेत्रले लाभ लिन सक्ने ।

८) विमानस्थलका लागि चाहिने हवाई इन्धन समेत विरगंज नाकाबाट आयात हुने हुँदा इन्धनको मूल्य समेत कम हुने ।

९) विमानस्थल वरपर वनजंगल क्षेत्र पर्ने भएकोले ध्वनि तथा वायु प्रदुषणको असर समेत कम मात्रामा पर्ने ।

१०) विमानस्थल वरपर घनावस्तीको बिकास नभएकोले भविष्यमा योजनावद्ध शहर निर्माण गर्न सकिने ।

**विमानस्थल निर्माणका लागि हालसम्म भएका निर्णय तथा गरेका कार्यहरु ।**

सन् १९९५(वि.स.२०५१ साल)मा NEPICO/IRAD ले नेपाल भर विभिन्न ८ वटा वैकल्पिक क्षेत्रहरुको पूर्व-सम्भाव्यता अध्ययन (Pre-Feasibility Study) गरेको र उक्त अध्ययन अनुसार वैकल्पिक क्षेत्रहरुको भौगोलिक अवस्थिति, धरातलीय बनावट, हवाई क्षेत्र, धावनमार्गको आगमन तथा अबतरण गर्ने एअर रुटको अवस्था, मुख्य शहरहरुसंगको दुरी, हवाई मार्ग तथा हवाई क्षेत्र, सडकको पहुच, जग्गा अधिग्रहण गर्ने खर्च, जमीनको उपलब्धता, जनघनत्व, जगंल क्षेत्रको घनत्व, नदी नियन्त्रण, निर्माण समग्रीको उपलब्धता, पुनर्वास गर्नुपर्ने जनसंख्या जस्ता तत्वहरुको आधारमा

छनौट गर्दा हालको गढिमाई नगरपालिका (साबिकको डूम्मरवाना गा.वि.स.) को उक्त क्षेत्र सबै भन्दा उपयुक्त रहेको भन्ने प्रतिवेदन प्राप्त भएको ।

राष्ट्रिय योजना आयोगले मिति २०६४/०९/१८ मा दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण निजीक्षेत्रको लगानी BOOT (Built Own Operate and Transfer) मोडलमा गर्ने गरी सूचिकृत गरे पश्चात नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६४।११।०१ मा प्रस्तुत परियोजना निजीक्षेत्रको लगानि BOOT मोडलमा निर्माण गर्ने गरी नीतिगत निर्णय गरेको र सो को लागि विस्तृत संभाव्यता अध्ययन (Detail Feasibility study) निजीक्षेत्रबाट गराउने अख्तियारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई दिने निर्णय गरेको । मिति २०६५।०९।०२ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय र Land Mark Worldwide (LMW) बीच परियोजनाको संभाब्यता अध्ययन सम्भौता गर्ने निर्णय भएको । मिति २०६६।११।२३ ( मार्च ०७, २०१०) मा मन्त्रिपरिषदको निर्णयानुसार संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय र LMW बीच दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत सम्भाब्यता अध्ययन DFS गर्ने सम्भौता भएको । तत्पश्चात, LMW ले मिति २ अगस्ट, २०११ (वि.स.२०६८।४।१७) मा संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय समक्ष DFS को अध्ययन सम्पन्न गरी प्रतिबेदन पेश गरेको ।

LMW संग गरिएको सम्भौताको बुदा नं १.३ अनुसार DFS गर्ने अवधिसम्म नेपाल सरकारले कुनै तेस्रो पक्षलाई विमानस्थल निर्माण गर्न नदिने साथै उक्त प्रतिवेदन पेश भए पश्चात, LMW ले विमानस्थल निर्माण समेत गर्ने प्रस्ताव पेश गरेमा, BOOT ऐनको दफा ९ बमोजिम, नेपाल सरकारले LMW लाई नै प्राथमिकता दिनुपर्ने भन्ने प्रावधान रहेको । साथै उक्त सम्भौताको बुदा नं ५.१ अनुसार दुवै पक्षले कुनै पनि सूचना तथा कागजात तेस्रो पक्षलाई दिनुपूर्व दोश्रो पक्षको अनुमति आवश्यक पर्ने भन्ने व्यवस्था समेत उल्लेख गरिएकोले हालसम्म LMW ले पेश गरेको DFS प्रतिवेदन नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राप्त गर्न नसकेको ।

मिति २०६६।०६।०१ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त परियोजना क्षेत्रको चार किल्ला खुलाई जग्गा उपलब्ध गराईदिन संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई अनुरोध गरी पत्र पठाएको । साथै उक्त चार किल्ला क्षेत्रभित्र सरकारी जग्गा (बन) पर्ने भएकोले सहमति उपलब्ध गराईदिने भनी मिति २०६६।०८।०९ मा भूमिसुधार र बन मन्त्रालयलाई अनुरोध पत्र लेखेको ।

मिति २०६६।०९।०१ मा बन बिभागले जति बनक्षेत्र आवश्यक पर्ने हो उतिकै वनक्षेत्र अन्यत्र उपलब्ध गराईदिनुपर्ने र उक्त क्षेत्र भित्रको बसोबास गर्ने बस्ती लाई बन क्षेत्र भन्दा बाहिरको जग्गामा पुनर्बास गराउने गरी सहमति पठाएको । साथै मिति २०६६।१०।१३ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले बन क्षेत्रको जग्गाको हकमा बनसंग सहमति लिई र उक्त क्षेत्रमा बसोबास लाई उचित पुनस्थापना गराई सरकारी जग्गा मालपोत ऐन २०३४ को दफा २४(१) र निजि जग्गा जग्गा प्राप्ति ऐन २०३४ बमोजिम जग्गा प्राप्त गर्ने सम्बन्धी कारवाही अगाडि बढाउन उपयुक्त हुने सहमति पठाएको ।

२०७१।१२।०७ को नेपाल सरकार (सचिवस्तर) बैठकले, नेपाल नागरिक उडड्यन प्राधिकरणबाट आयोजनाको कार्य गर्ने गरी निर्णय भए पश्चात जग्गा अधिग्रहण कार्यको लागी आर्थिक बर्ष २०७१/०७२ मा रु. ५० करोड रुपैयाँ, आर्थिक बर्ष २०७२/०७३ मा रु. ५० करोड रुपैयाँ र चालू आ.ब. ०७३/७४ मा रु. १ अर्ब गरि जम्मा रु. २ अर्ब विनियोजन भई जग्गा अधिग्रहण कार्य अगाडि बढाईएको । साथै चालु आ.ब. २०७३/७४ मा विमानस्थल निर्माणको गुरुयोजना, बिस्तृत डिजाईन, बिस्तृत परियोजना प्रतिबेदन तयार गर्ने, बातावरणिय प्रभाब मुल्यांकन, पुर्नवास योजना तयारी, फेन्स तथा पेरिमिटर सडक र अन्य आवश्यक पूर्वाधारहरुको निर्माणका लागि रु. ५० करोड रुपैयाँ विनियोजन भएको ।

नेपाल सरकारको मिति २०७१।१२।२९ को निर्णयबमोजिम मिति २०७१।१२।३० मा नेपाल राजपत्र खण्ड (६४) संख्या ४७ मा प्रकाशित सूचनामा तोकिएको चार किल्लाभित्र पर्ने विमानस्थल क्षेत्र निम्न अनुसार रहेको ।

| | |
|---|---|
| उत्तरः | महेन्द्र राजमार्गको पसाहा खोलादेखि वकैया नदीसम्म । |
| पूर्व : | महेन्द्र राजमार्गको वकैया नदीको पूलबाट नदी हुँदै ८ कि.मि. दक्षिण नदीको सिमानामा सपाही गा.वि.स. को 2999919N र 620000E Coordinate Point (हनुमानगंज भन्दा लगभाग १ कि.मी उत्तर) गढिमाई नगरपालिका र कोहल्वी नगरपालिका |
| पश्चिम : | महेन्द्र राजमार्गको पसाहा खोलाको पुलबाट खोला हुँदै ६ कि.मि. दक्षिण खोलाको सिमाना हरैया गा.वि.स. को 2999778N र 606033E Coordinate Point (जैईतापुर)। |
| दक्षिण : | पसाहा खोलाको हरैया गा.वि.स. को(जैईतापुर) 2999778N र 606033E Coordinate Point बाट सिधा पूर्वतर्फ करैया गा.वि.स., ककडी गा.वि.स. गढीमाई नगरपालिका हुँदै सपाही गा.वि.स. को वकैया नदीको किनार 2999919N र 620000E Coordinate Point सम्म । |

विमानस्थलको चार किल्लाभित्र पर्ने जम्मा ११८७५-०९-१९ बिगाहा जग्गा र सो जग्गामा रहेका करिब १६३१ वटा घरटहराहरु अधिग्रहण सम्वन्धमा देहाय बमोजिम गर्ने गरी मिति २०७३।०१।२३ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएको ।

क) नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार चार किल्लाभित्र पर्ने बारा जिल्ला गढिमाई नगरपालिका र निजगढ नगरपालिका क्षेत्रमा पर्ने निजी स्वामित्वमा रहेका ११०-०३-०४ बिगाहा जग्गा र सो जग्गामा बनेका घरटहरा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम अधिग्रहण गर्न स्वीकृति दिने ।

ख) सोही सूचना भित्रको सरकारी ऐलानी जग्गाको स्वामित्व नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा हस्तान्तरण गर्ने व्यवस्था भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मिलाउने ।

ग) सोही सूचना भित्रको बन जङ्गल क्षेत्रको जग्गाको भोगाधिकार नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा हस्तान्तरण गर्ने व्यवस्था बन तथा भू-संरक्षण मन्त्रालयले मिलाउने ।

घ) विमानस्थल निर्माण कार्य नेपाल सरकारले तत्काल शुरु गर्ने र सो का लागि आवश्यक स्रोत अर्थ मन्त्रालयले उपलब्ध गराउने ।

**आयोजनाको हालसम्मको भौतिक प्रगति तथा कार्ययोजना :-**

- विमानस्थल क्षेत्रको चार किल्ला क्षेत्र घोषणा भई राजपत्रमा प्रकाशित भैसकेको र सोको सिमाना छुट्टाउने (Demarcation) का लागी ५०-५० मीटरमा कंक्रिटको पोल द्वारा सिमाना छुट्टाउने कार्य भैसकेको ।

- चार किल्लाभित्रको निजि स्वामित्वमा रहेका घर जग्गा पहिचान भई अधिग्रहण गर्ने प्रक्रियामा रहेको र हाल जिल्ला प्रशासन कार्यालय, बाराद्वारा जग्गा अधिग्रहण गर्ने कार्यका लागि बिभिन्न उप-समितिहरु (जग्गाको मूल्य निर्धारण सम्बन्धी, घर,गोठ,पर्खाल आदिको मूल्य निर्धारण सम्बन्धी, फलफुल तथा बोटविरुवाको मूल्य निर्धारण सम्बन्धी र मूल बाटो, सहायक बाटोले छोएको तथा बाटोले नछोएको कित्ता नं. यकिन गर्ने साथै सर्म्पूण जग्गा अधिग्रहणमा पर्ने जग्गाधनिहरुको बिवरण सम्बन्धी ) गठन गरिएको र सबै उप-समितिहरुको प्रतिबेदन प्राप्त भईसकेको । मंसिर मसान्त सम्ममा दररेट निर्धारण भई मुआब्जा वितरण गर्ने कार्य शुरु हुने ।

- बातावरणीय तथा समाजिक प्रभाव मूल्यांकन र पूनर्वास सम्वन्धी अध्ययन कार्यको लागि परामर्शदाता छनौट गर्ने कार्य सम्पन्न भई सम्झौता भैसकेको र परामर्शदाताबाट अध्ययन टोली साईटमा खटाउने क्रममा रहेको । उक्त अध्ययन गरी यसै आ.ब.को असार मसान्त सम्म प्रतिबेदन प्राप्त गर्ने लक्ष्य रहेको ।

- विमानस्थल निर्माणको लागी गुरुयोजना (Master Plan) सहितको विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report, DPR) तथा प्रथम चरणको निर्माण कार्यको लागि विस्तृत डिजाईन (Detail Design) तयार गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय परामर्शदाताहरुको परामर्श सेवा लिनुपर्ने भएकाले अन्तर्राष्ट्रिय परामर्शदाताहरुको संक्षिप्त सूचि तयार गर्न Expression of Interest (EOI) आब्हान गर्ने चरणमा रहेको र यस आ.ब. भित्र अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता गरी गुरुयोजना सहितको DPR तथा प्रथम चरणको निर्माण कार्यको लागि विस्तृत डिजाईन तयार गर्ने कार्य शुरु गर्ने लक्ष्य रहेको । उक्त कार्य सम्पन्न गर्न २१ महिना समय लाग्ने भएकाले आगामी २४ महिनाभित्र आयोजनाका तयारी कार्यहरु जस्तै जग्गा प्राप्ति गर्ने तथा आयोजना क्षेत्रभित्रको बस्ती हटाउने/पुनर्वासको कार्य सम्पन्न गर्ने लक्ष्य रहेको ।

- निजी स्वामित्वमा रहेका घर टहराहरुको अधिग्रहण गर्ने कार्य जारी राख्ने तथा वन जंगलले ओगटेको तथा ऐलानी जग्गा नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा ल्याउने ।

- निर्माणस्थलको क्षेत्रको वरपर फेन्स निर्माण तथा पेरिमिटर सडक निर्माण गर्ने कार्य गर्न बन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिई कार्य अगाडि बढाईने र उक्त कार्य आगामी आ.ब.मा समेत जारी राख्ने ।

- नदी कटान नियन्त्रण गर्ने कार्य शुरु गर्ने र उक्त कार्य आगामी आ.ब.मा समेत जारी राख्ने ।
- आयोजनाको निर्देशनालय सिनामंगलमा स्थापना गरिएको । आयोजनाले अस्थाई साईट अफिस बाराको सिमरा विमानस्थल परिसरमा निर्माण गर्ने निर्णय भएकाले अस्थाई अफिस निर्माण गर्ने कार्य माघ महिनासम्म सम्पन्न हुने, साथै स्थाई साईट अफिस निर्माण कार्य यस आ.ब. २०७३।७४ मा शुरु भई अर्को बर्ष सम्पन्न हुने ।

**आयोजना शुरु हुने बर्ष र सम्पन्न हुने अवधि :-**

आर्थिक बर्ष २०७२/७३ बाट कार्यक्रम स्वीकृत भई आयोजना शुरु भएको र हाल तयारी चरणमा भएकाले तयारी चरणका लागि ३ बर्ष लाग्ने र बिस्तृत डिजाईन सहितको तयारी कार्य पश्चात प्रथम चरणको निर्माण कार्यको अबधि ४ बर्ष ।

**आयोजनाको कूल लागत र लागत जूटाउने श्रोतहरुः-**

प्रथम चरणको निर्माण कार्यको लागि प्रारम्भिक रकम रु. १२१ अरब लागत लाग्ने देखिन्छ । वास्तबिक लागत रकम बिस्तृत डिजाईन तथा लागत अनुमान पश्चात यकिन गर्न सकिने । मिति २०७३।१।२३ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार विमानस्थल निर्माण कार्यको आवश्यक श्रोत नेपाल सरकारले मिलाउने निर्णय भएको ।

**समस्या :** नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको भएतापनि ऐन, नियम तथा प्रकियाहरु अन्य निर्माण कार्य भन्दा केहि फरक नभएकाले प्रक्रियागत झन्झटहरु यथावतनै रहेकोले निर्माण कार्य सोचे अनुरुप प्रगती हुन नसकेको ।

**चूनौति :** नेपाल सरकारको पुनर्वास सम्बन्धी स्पष्ट ब्यवस्था नभएको तर उक्त क्षेत्रको सरकारी जग्गामा बसोबास गर्ने करिब १४५० घरधूरी हटाउनु पर्ने । उक्त बिमानस्थल निर्माण गर्ने क्षेत्रमा करिब १०५०० बिगाहा जग्गा बनक्षेत्र पर्ने र उक्त ठाँउमा ठूलो संख्यामा रुख बिरुवा समेत कटान गर्नुपर्ने । सो बाट हुने वाताबरणीय प्रभावको समेत ब्यवस्थापन गर्नुपर्ने ।

**जनगूनासो :** उक्त क्षेत्रको गढिमाई नगर पालिका वडा नं. १६ मा पर्ने टागिया बस्ती, मटियानी टोल तथा काटघाट (साविकको डूम्मरवाना गा.वि.स. वडा नं. ६) स्थित सरकारी जग्गामा बसोबास गर्ने १४५० घरधूरीहरु लगभग १० हजार जनसंख्याको सो ठाउमा विमानस्थलको नाममा जग्गा रोकिएकोले आफूहरुले राज्यबाट पाउनुपर्ने आधारभूत सुविधा समेत प्राप्त गर्न नसकेको र आफूहरुलाई उचित ब्यवस्थापन गरेर मात्र विमानस्थल निर्माण गर्नुपर्ने भन्ने गुनासो रहेको ।

# दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्यतालिका

| | क्रियाकलापहरु | आ.ब. | २०७३/७४ | | | २०७४/७५ | | | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चौमासिक | I | II | III | I | II | III | I | II | III | I | II | III | I | II | III | I | II | III | I | II | III | I | II | III | I | II | III |
| **क) तयारीको चरण** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १. | **निजि जग्गाको अधिग्रहण** | | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | **सरकारी जग्गाको हस्तान्तरण** | | | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | **वाताबरणिय तथा सामाजिक प्रभाव मुल्यांकन** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क) | वाताबरणिय प्रभाव मुल्यांकनको प्रतिवेदन प्राप्त गर्ने । | | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ख) | सामाजिक प्रभाव मुल्यांकन तथा पुर्नवास प्रतिवेदन प्राप्त गर्ने । | | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४. | **गुरुयोजना, DPR तथा Detail Design तयारी** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क) | EOI आव्हान गर्ने । | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ख) | EOI प्रश्ताव मुल्यांकन गरि संक्षिप्त सुचि तयार गर्ने । | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ग) | Request for Proposal (RFP) आव्हान गर्ने । | | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| घ) | प्रस्ताव मुल्यांकन , छनौट, वार्ता, सम्झौता | | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ङ) | गुरुयोजना, DPR तयार गर्ने । | | | | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| च) | Detail Design तयार गर्ने । | | | | | | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | |
| ५. | **पुर्नबास, निर्माणस्थल तयार गर्ने, अन्य तयारीका कार्य** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क) | क्षतिपुर्ति/मुआब्जा वितरण तथा पुर्नबास । | | | | | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | |
| ख) | Site Clearance | | | | | | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | |
| ग) | Project Office निर्माण गर्ने । | | | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **ख) खरिद प्रक्रियाको चरण** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १. | पुर्व योग्यता निर्धारणका लागी कागजात तयारी | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | | | |
| २. | पुर्व योग्यता निर्धारणका लागी बोलपत्र आव्हान । | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | | | |
| ३. | PQ मुल्यांकन गरि सुचि तयार गर्ने । बोलपत्र कागजात तयारी | | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | | |
| ४. | बोलपत्र आव्हान | | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | | |
| ५. | बोलपत्रदाता छनौट, ठेक्का सम्झौता । | | | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | |
| **ग) निर्माणको चरण** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १. | Contractor's Mobilization तथा तयारी | | | | | | | | | | | | ■ | | | | | | | | | | | | | | | | |
| २. | Landside Facilities को निर्माण | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ३. | Terminal Building को निर्माण | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ४. | Airside Facilities को निर्माण | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ५. | हस्तान्तरण तथा DLP | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | ■ |
| ६. | Demobilization | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ |